# राष्ट्रिय सभा
# परिचय पुस्तिका

संघीय संसद सचिवालय
सिंहदरवार, काठमाडौं ।

# विषय सूची


| सि.नं. | विषय | पेज नं |
| --- | --- | --- |
| १. | परिचय ---------------------------------- | १ |
| २. | माथिल्लो सदनको आवश्यकता र महत्व ---------------- | १–२ |
| ३. | नेपालको सवैधानिक इतिहासमा द्विसदनात्मक व्यवस्था ------- | २–३ |
| | ३.१ नेपाल सरकार वैधानिक कानून, २००४ | |
| | ३.२ नेपाल अधिराज्यको संविधान, २०१५ | |
| | ३.३ नेपाल अधिराज्यको संविधान, २०४७ | |
| | ३.४ नेपालको संविधान | |
| ४. | तत्कालीन माथिल्लो सदन र सदस्यहरु ---------------- | ३–११ |
| | ४.१ महासभा (२०१६–२०१७) | |
| | ४.२ राष्ट्रिय सभा (२०४८–२०६३) | |
| ५. | राष्ट्रिय सभा, २०७४ --------------------------- | ११–१९ |
| | ५.१ सवैधानिक व्यवस्था | |
| | ५.२ नेपालको संविधान अुनसार राष्ट्रिय सभाको विधायिकी कर्तव्य र अधिकार | |
| | ५.३ राष्ट्रिय सभा निर्वाचन, २०७४ | |
| | ५.४ शपथ ग्रहण तथा पहिलो अधिवेशन | |
| ६. | सन्दर्भ सामग्री ------------------------------- | २० |

## प्रकाशक

संसदीय अध्ययन तथा अनुसन्धान शाखा

संघीय संसद सचिवालय

फोन नं. ०१-४२०००७१

e-mail : study_research@parliament.gov.np

URL: www.parliament.gov.np

प्रकाशन प्रति : ५००

प्रकाशन मिति : २०७५ भाद्र

## मुद्रक

संघीय संसद सचिवालय, अफसेट प्रेस

संसद् भवन, सिंहदरवार ।

# राष्ट्रिय सभा
# परिचय पुस्तिका

संघीय संसद सचिवालय
सिंहदरवार, काठमाडौं

## १. परिचय

विश्वका १९३ राष्ट्रहरुमध्ये हाल ७९ मुलुकहरुमा अर्थात् ४०.९३ प्रतिशत मुलुकहरुमा द्विसदनात्मक व्यवस्थापिका रहेको छ । मुलुकको आवश्यकता अनुसार कुनै मुलुक एक सदनात्मकबाट द्विसदनात्मक भएका छन् भने कुनै मुलुक द्विसदनात्मक व्यवस्थापिका रहेकोमा हाल एक सदनात्मक व्यवस्थापिका मात्र रहेको पनि पाइन्छ । हाम्रो मुलुकको सन्दर्भमा पञ्चायती शासन प्रणाली रहेको अवस्था साथै २०६३ सालको अन्तरिम संविधानमा रहेको एक सदनात्मक व्यवस्था बाहेक अन्य संविधानहरुमा माथिल्लो सदन सहितको द्विसदनात्मक व्यवस्था रहेको छ ।

द्विसदनात्मक व्यवस्था भएको मुलुकको माथिल्लो सदनलाई विभिन्न नामले चिनिन्छ । हाम्रो देशको सन्दर्भमा पनि प्रारम्भमा यस सभालाई संवैधानिक रुपमा भारदारी सभा र महासभाको नाम दिइएको थियो । वर्तमान संविधानले संघीय संसदको माथिल्लो सदनको रुपमा राष्ट्रिय सभाको व्यवस्था गरेको छ । संघीय संसदीय व्यवस्था अपनाइएका मुलुकहरुमा संवैधानिक इतिहास र परम्पराका आधारमा माथिल्लो सदनको व्यवस्था गरेको पाइन्छ । विधायिकी प्रकृयामा हुने कमी कमजोरी हटाउन, सबै वर्गका नागरिकहरुको प्रतिनिधित्व सुनिश्चित गर्न, संघीय राजनीतिमा राज्यको स्वार्थमा अभिभावकको भूमिका निर्वाह गर्न स्थायी सदनको रुपमा माथिल्लो सदन रहनु आवश्यक ठानिन्छ ।

## २. माथिल्लो सदनको आवश्यकता र महत्व :

- **स्थायी सदन** : माथिल्लो सदनमा सदस्यता पुर्ण रुपले रिक्त नहुने, खास समयमा निश्चित प्रतिशत सदस्यको पदावधि समाप्त भए पनि पुनः निर्वाचित हुने हुनाले यसलाई स्थायी सदनको रुपमा लिने गरिन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय सभा प्रत्येक दुई वर्षमा एक तिहाई सांसदको अवधि समाप्त हुने र पुनः सोही प्रकृयाबाट सांसद चुनिने संवैधानिक व्यवस्था छ ।

- **सबैको प्रतिनिधित्व** : सामान्यतः तल्लो सदनमा प्रत्यक्ष निर्वाचनद्वारा चुनिएका जनप्रतिनिधिहरु रहन्छन् । यस्तो अवस्थामा सबै समुदायको प्रतिनिधित्व नहुन पनि सक्छ । अतः तल्लो सदनमा प्रतिनिधित्व हुन नसकेका वर्ग, क्षेत्र, लिङ्ग, जातिका मानिसको प्रतिनिधित्वलाई यस सदनले सुनिश्चिता प्रदान गर्दछ । जसले गर्दा सबै जनताको आवाज सदनसम्म पुग्दछ ।

- **विधि निर्माणको दोस्रो हेराइ** : तल्लो सदनबाट यदाकदा बहुमतका आधारमा राजनीतिक वाध्यताका कारण वा अन्य कारणले हतारमा कानूनहरु पारित भएका हुन सक्दछन् । यस्तो अवस्थामा माथिल्लो सदनले विज्ञताका आधारमा यस्ता कार्यलाई दोस्रो हेराइद्वारा रोक्न, पुनः परीक्षण गर्न गराउन सक्दछ । यसबाट राम्रो कानून निर्माण हुने वातावरण बन्दछ ।

- **राष्ट्रिय स्वार्थको अभिभावकत्व** : संघीय व्यवस्थामा राष्ट्रिय सभा अर्थात् माथिल्लो सदनमा सबै संघबाट प्रतिनिधित्व रहेको हुन्छ । संघमा रहेका सबै वर्ग, जातजाति, समुदायबाट प्रतिनिधित्व रहने हुनाले माथिल्लो सदन आफैं राष्ट्रिय स्वार्थको अभिभावकत्व ग्रहण गर्न पुग्दछ ।

- **कार्यपालिकाको शक्तिसँगको सन्तुलन तथा नियन्त्रण** : संसदीय व्यवस्था भएको मुलुकमा सरकार गठन संसदबाट हुने गर्दछ । प्रायः तल्लो सदनमा बहुमत प्राप्त दलको नेताको अध्यक्षतामा मन्त्रीमण्डल गठन हुने भएकोले तल्लो सदनमा कार्यपालिकाको प्रभाव बढी रहन्छ । तर माथिल्लो सदन कार्यपालिकाको प्रभाव भन्दा केही हदसम्म टाढा रहने हुँदा यसले कार्यपालिकासँगको शक्ति सन्तुलन र नियन्त्रण कायम गर्ने काम गर्दछ । अर्थात् सरकारलाई उत्तरदायी बनाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

- **विज्ञहरुको सभा** : संसदको प्रमुख काम कानून निर्माण गर्नु हो । यसका लागि निश्चित विज्ञताको आवश्यकता पर्दछ र सबै जनप्रिय व्यक्ति विज्ञ नहुन पनि सक्दछन् । अतः माथिल्लो सदनमा जनप्रिय भन्दा पनि विज्ञ व्यक्तिहरुलाई पठाउने गरिन्छ ।

- **समसामयिक विषय उठाउने थलो** : तल्लो सदन भन्दा माथिल्लो सदन राजनीतिक प्रभावबाट केही टाढा रहेको हुन्छ । त्यसैले यहाँ जस्तोसुकै समसामयिक विषयहरुले सजिलै स्थान पाउँदछन् ।

## ३. नेपालको संवैधानिक इतिहासमा द्विसदनात्मक व्यवस्था

### ३.१ नेपाल सरकार वैधानिक कानून, २००४

नेपालको संवैधानिक विकासक्रम वि.सं. २००४ देखि सुरु भएको हो । तत्कालीन प्रधानमन्त्री श्री ३ पद्मशमशेर ज.ब.रा.बाट घोषणा भएको नेपाल सरकारको वैधानिक कानून, २००४ नै नेपालको पहिलो लिखित संविधान हो । उक्त संविधानमा द्विसदनात्मक व्यवस्थापिकाको प्रावधान थियो । जसमा स्थानीय पञ्चायतबाट निर्वाचित र सरकारबाट नियुक्त गरी घटीमा ६० र बढीमा ७० सदस्य रहेको राष्ट्रसभा र श्री ३ महाराजका तजबीजमा नियुक्त घटीमा २० र बढीमा ३० सदस्य रहेको भारदारी सभा रहने व्यवस्था थियो । यद्यपि यो संविधान कार्यान्वयनमा आउन सकेन । पद्मशमशेरलाई पदच्यूत गरी मोहन शमशेर प्रधानमन्त्री भएको हुनाले सो अनुसारको सभा गठन हुन नसकेको हो ।

### ३.२ नेपाल अधिराज्यको संविधान, २०१५

श्री ५ महेन्द्रबाट जारी भएको यस संविधानमा महासभा र प्रतिनिधि सभा गरी दुई सदनात्मक संसदको व्यवस्था रहेको थियो । तल्लो सदनको रुपमा रहेको प्रतिनिधि सभामा मुलुकभरका १०९ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसदहरु रहने व्यवस्था रहेको थियो । माथिल्लो सदन महासभामा १८ जना प्रतिनिधि

सभाबाट निर्वाचित र १८ जना श्री ५ बाट मनोनित गरी जम्मा ३६ जना सदस्य रहने व्यवस्था थियो ।

### ३.३ नेपाल अधिराज्यको संविधान, २०४७

यस संविधानमा प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदन सहितको संसदको व्यवस्था रहेको थियो । तल्लो सदनको रुपमा मुलुकभरका २०५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसदहरु रहने प्रतिनिधिसभा रहेको थियो । प्रतिनिधिसभाबाट निर्वाचित ३५ जना, ५ विकास क्षेत्रमध्ये प्रत्येक विकास क्षेत्रबाट ३ जनाको दरले स्थानीय निकायका जनप्रतिनिधिहरुको निर्वाचक मण्डलबाट निर्वाचित १५ जना र श्री ५ बाट मनोनित १० जना गरी ६० सदस्यीय रहने राष्ट्रियसभा रहने संवैधानिक व्यवस्था थियो ।

### ३.४ नेपालको संविधान

जननिर्वाचित संविधानसभाले निर्माण गरेको नेपालको वर्तमान संविधानमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका रहने व्यवस्था छ, जसलाई संघीय संसद भनिन्छ । प्रतिनिधि सभामा १६५ सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट र ११० सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित २७५ सदस्यहरु रहन्छन् । त्यस्तै गरी, ५९ सदस्यीय राष्ट्रिय सभामा प्रदेश सभाका सदस्य, गाँउपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना सदस्य रहन्छन् ।

## ४. तत्कालीन माथिल्लो सदन र सदस्यहरु

### ४.१ महासभा (२०१६–२०१७)

नेपालको इतिहासमा पहिलो पटक नेपाल अधिराज्यको संविधान, २०१५ को धारा १९ बमोजिम माथिल्लो सदनको रुपमा ३६ सदस्यीय महासभा गठन भएको थियो । ३६ जना सदस्यहरुमध्ये १८ सदस्य प्रतिनिधिसभाबाट एकल सङ्क्रमणीय प्रणालीबाट निर्वाचित हुने र बाँकी १८ सदस्य श्री ५ बाट आफ्नो स्वविवेकमा मनोनित गर्ने व्यवस्था रहेको थियो । ३६ सदस्यमध्येबाट सभाका अध्यक्ष र उपाध्यक्ष निर्वाचित हुने व्यवस्था थियो । सदस्यको स्थान रिक्त भएमा निर्वाचित वा मनोनित जुन प्रकृयाबाट निर्वाचित सदस्यको स्थान रिक्त भएको हो सोही प्रकृयाबाट पूर्ति हुने व्यवस्था संविधानमा रहेको थियो । वि.सं. २०१६ आषाढ २६ गते प्रतिनिधिसभाबाट १८ सदस्यको निर्वाचन भएको थियो भने सोही वर्षको आषाढ २९ गते श्री ५ बाट १८ सदस्यको मनोनयन भएको थियो । महासभाका सदस्यको पदावधि ६ वर्षको हुने, प्रत्येक २/२ वर्षमा एक तिहाई सदस्यको

पदावधि समाप्त हुने र पहिलो पटक गठित महासभाका सदस्यहरुको पदावधि गोलाप्रथाबाट निर्धारित गरिने प्रावधान रहेको थियो ।

२०१६ असार २६ गते प्रतिनिधि सभाबाट महासभामा निर्वाचित सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

**प्रतिनिधि सभाबाट महासभामा निर्वाचित सदस्यहरु (२०१६ असार २६) :**

| सि.नं. | नाम, थर | राजनैतिक दल |
|---|---|---|
| १. | मा. डोलेन्द्रबहादुर अमात्य | नेपाली काँग्रेस |
| २. | मा. डा.तुलसी गिरी | नेपाली काँग्रेस |
| ३. | मा. दिलिपकुमार शाही | नेपाली काँग्रेस |
| ४. | मा. दिवाकर शर्मा | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ५. | मा. धनबहादुर चन्द | नेपाली काँग्रेस |
| ६. | मा. नयनबहादुर स्वाँर | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| ७. | मा. पियुषराज पाण्डे | संयुक्त प्रजातन्त्र पार्टी नेपाल |
| ८. | मा. प्रेम चैतन्य | नेपाली काँग्रेस |
| ९. | मा. बखानसिं गुरुङ्ग | नेपाली काँग्रेस |
| १०. | मा. बलबहादुर राई | नेपाली काँग्रेस |
| ११. | मा. डा. बृजनन्द बर्मा | नेपाली काँग्रेस |
| १२. | मा. बोधप्रसाद उपाध्याय | नेपाली काँग्रेस |
| १३. | मा. डा.ब्रह्म शम्शेर ज.ब.रा. | नेपाली काँग्रेस |
| १४. | मा. शुभ शम्शेर ज.ब.रा. | नेपाल राष्ट्रवादी गोरखा परिषद् |
| १५. | मा. शम्भुराम श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी |
| १६. | मा. सुन्दरराज चालिसे | नेपाली काँग्रेस |
| १७. | मा. सूर्यप्रसाद उपाध्याय | नेपाली काँग्रेस |
| १८. | मा. डा.त्रिवेणीप्रसाद प्रधान | नेपाली काँग्रेस |

***स्रोतः नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, नेपाल, २०७३ फागुण ७***

२०१६ असार २९ गते श्री ५ बाट माथिल्लो सदन महासभामा मनोनीत सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

**श्री ५ बाट महासभामा मनोनीत सदस्यहरु (२०१६ असार २९)**

| सि.नं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १. | मा. अहमद्दित | का.ई. पकनाजोल |
| २. | मा. श्रीमती कमल राणा | बानेश्वर |
| ३. | मा. गणेशप्रसाद खरेल | पूर्व १ नम्बर |
| ४. | मा. चन्द्रमान थकाली | पश्चिम ३ नम्बर |
| ५. | मा. छिरिङ तेन्जीङ लामा | पूर्व ३ नम्बर |

| | | |
|---|---|---|
| ६. | मा. डम्बरबहादुर सिंह | भू.पू. मन्त्री, (सं.प्र.पा.ने.) |
| ७. | मा. दिप्तबहादुर श्रेष्ठ | विराटनगर सुनसरी |
| ८. | मा. नगेन्द्रप्रसाद रिजाल | भू.पू. उपाध्यक्ष, सल्लाहकार सभा ने.रा.का. |
| ९. | मा. पशुपति घोष | भू.पू. मन्त्री (ने.प्र.प.घ.को) |
| १०. | मा. बालचन्द्र शर्मा | उपकुलपति, नेपाल एकेडमी |
| ११. | मा. भरतमणि शर्मा | भू.पू. मन्त्री, ने.का. |
| १२. | मा. मणिहर्ष | का.ई. असन टोल |
| १३. | मा. मातृकाप्रसाद कोइराला | भू.पू. प्रधानमन्त्री |
| १४. | मा. मुक्तीनाथ | पश्चिम ३ नम्बर |
| १५. | मा. लक्ष्मण जंगबहादुर सिंह | बझाङ |
| १६. | मा. सहश्रनाथ कपाली | काठमाडौं |
| १७. | मा. सूर्यबहादुर थापा | भू.पू. अध्यक्ष सल्लाहकार सभा |
| १८. | मा. होराप्रसाद जोशी | ने.का. |

***स्रोतः नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, नेपाल, २०७३ फागुण ७***

यस अवधिमा अध्यक्षको रुपमा मा. डम्वर बहादुर सिंह र उपाध्यक्षको रुपमा मा. कमल राणा रहनु भएको थियो ।

## ४.२ राष्ट्रिय सभा (२०४८–२०५९)

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ मा माथिल्लो सदनको रुपमा ६० सदस्यीय राष्ट्रिय सभाको व्यवस्था रहेको थियो । ६० जना सदस्यहरुमध्ये ३ जना महिला सहित ३५ जना सदस्यहरु प्रतिनिधिसभाबाट एकल संक्रमणीय प्रणालीबाट निर्वाचित हुने, प्रत्येक विकास क्षेत्रबाट सो विकास क्षेत्रभित्र रहेका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरु मतदाता रहेको निर्वाचन मण्डलबाट ३/३ जनाको दरले १५ सदस्य एकल संक्रमणीय प्रणालीबाट निर्वाचित हुने व्यवस्था रहेको थियो । बाँकी १० सदस्य भने श्री ५ बाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुर्याएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट मनोनित हुने व्यवस्था थियो ।

राष्ट्रिय सभाका सदस्यहरुको पदावधि ६ वर्षको हुने, प्रत्येक २/२ वर्षमा एक तिहाई सदस्यको पदावधि समाप्त हुने र पहिलो पटक गठित राष्ट्रियसभाका सदस्यहरुको पदावधि गोलाप्रथाबाट २, ४ र ६ वर्ष निर्धारित गरिने प्रावधान संविधानमा थियो । वि.सं. २०४८ को आम निर्वाचनपछि पहिलोपटक गठन भएको राष्ट्रिय सभामा २–२ वर्षमा एक तिहाई पद रिक्त हुँदै पुनः निर्वाचन हुने क्रम जारी रहिरहेकोमा वि.सं. २०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिशमा श्री ५ ज्ञानेन्द्रबाट प्रतिनिधि सभा विघटन भएपछि औपचारिक रुपमा राष्ट्रिय सभा कायम रहेतापनि पदावधि समाप्त भएका सदस्यहरुको रिक्त स्थान पूर्ति हुन नसक्दा व्यवहारमा निस्क्रिय नै रह्यो ।

यस अवधिमा राष्ट्रिय सभा सदस्यमा निर्वाचित तथा मनोनीत सदस्यको नामावली :

## (क)वि.सं. २०४८ का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क्र.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| १. | **मा. बेनीबहादुर कार्की, अध्यक्ष** | नेपाली काँग्रेस |
| २. | **मा. ऐश्वर्यलाल प्रधानाङ्ग, उपाध्यक्ष** | नेपाली काँग्रेस |
| ३. | मा. अष्टलक्ष्मी शाक्य बोहरा | ने.क.पा. (एमाले) |
| ४. | मा. आमोदप्रसाद उपाध्याय | मनोनित |
| ५. | मा. इन्द्रहाङ्ग लिम्बु | नेपाली काँग्रेस |
| ६. | मा. उद्धवदेव भट्ट | मनोनित |
| ७. | मा. कृष्णप्रसाद घिमिरे | मनोनित |
| ८. | मा. खगेन्द्रराज ढकाल | नेपाली काँग्रेस |
| ९. | मा. खड्गविक्रम शाह | नेपाली काँग्रेस |
| १०. | मा. खेमनारायण फौजदार | नेपाली काँग्रेस |
| ११. | मा. गोपालमान शाक्य | ने.क.पा. (एमाले) |
| १२. | मा. गोल्चे सार्की | ने.क.पा. (एमाले) |
| १३. | मा. घनश्याम शर्मा पौड्याल | संयुक्त जनमोर्चा नेपाल |
| १४. | मा. चन्द्रराज ढुङ्गेल | ने.क.पा. (एमाले) |
| १५. | मा. चेतकुमारी दाहाल | नेपाली काँग्रेस |
| १६. | मा. जगतबहादुर बोगटी | ने.क.पा. (एमाले) |
| १७. | मा. जनकबहादुर कर्माचार्य | नेपाली काँग्रेस |
| १८. | मा. डिल्लीप्रसाद सिटौला | नेपाली काँग्रेस |
| १९. | मा. दलसिंह कामी | नेपाली काँग्रेस |
| २०. | मा. दिलीपकुमार शाही | नेपाली काँग्रेस |
| २१. | मा. दिवाकरमान शेरचन | नेपाली काँग्रेस |
| २२. | मा. दुर्गाकेशर खनाल | नेपाली काँग्रेस |
| २३. | मा. दुर्गादत्त जोशी | नेपाली काँग्रेस |
| २४. | मा. ध्रुवराम भण्डारी | नेपाली काँग्रेस |
| २५. | मा. नरबहादुर गुरुङ्ग | नेपाली काँग्रेस |
| २६. | मा. नरहरी आचार्य | नेपाली काँग्रेस |
| २७. | मा. नीलाम्बर पन्थी | नेपाली काँग्रेस |
| २८. | मा. पूर्णकुमार शेर्मा | मनोनित |
| २९. | मा. प्रदिप नेपाल | ने.क.पा. (एमाले) |
| ३०. | मा. प्रेमबहादुर सिंह | ने.क.पा. (एमाले) |
| ३१. | मा. प्रेमराज आङदेम्बे | नेपाली काँग्रेस |
| ३२. | मा. प्रेमसिंह धामी | ने.क.पा. (एमाले) |
| ३३. | मा. बलराम उपाध्याय | ने.क.पा. (एमाले) |

| क्र.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| ३४. | मा. बाबुराम राना | मनोनित |
| ३५. | मा. बावुराम नकर्मी | नेपाली काँग्रेस |
| ३६. | मा. भरतकुमार प्रधान | ने.क.पा. (एमाले) |
| ३७. | मा. भिक्षु अश्वघोष | ने.क.पा. (एमाले) |
| ३८. | मा. भिखारी मन्सुर | नेपाली काँग्रेस |
| ३९. | मा. महेन्द्रकुमार मिश्र | नेपाली काँग्रेस |
| ४०. | मा. महेश आचार्य | नेपाली काँग्रेस |
| ४१. | मा. महेश चौधरी | ने.क.पा. (एमाले) |
| ४२. | मा. माधवकुमार नेपाल | ने.क.पा. (एमाले) |
| ४३. | मा. डा.युगेश्वरप्रसाद बर्मा | मनोनित |
| ४४. | मा. रामेश्वर राय यादव | नेपाल सद्भावना पार्टी |
| ४५. | मा. रुक्मशम्शेर ज.व.रा. | मनोनित |
| ४६. | मा. डा.लक्ष्मीनारायण प्रसाद सिंह | मनोनित |
| ४७. | मा. लालकाजी गुरुङ्ग | नेपाली काँग्रेस |
| ४८. | मा. वासुदेव रिसाल | नेपाली काँग्रेस |
| ४९. | मा. विदुरप्रसाद पौडेल | नेपाली काँग्रेस |
| ५०. | मा. विश्वनाथप्रसाद अग्रवाल | नेपाली काँग्रेस |
| ५१. | मा. वीरमणी ढकाल | नेपाली काँग्रेस |
| ५२. | मा. श्रीराम श्रेष्ठ (प्रधान) | नेपाली काँग्रेस |
| ५३. | मा. सत्यनारायण मण्डल | ने.क.पा. (एमाले) |
| ५४. | मा. सिन्धुनाथ प्याकुरेल | संयुक्त जनमोर्चा नेपाल |
| ५५. | मा. सुरेश मल्ल | नेपाली काँग्रेस |
| ५६. | मा. सुवासचन्द्र नेम्वाङ्ग | ने.क.पा. (एमाले) |
| ५७. | मा. सुशीला शर्मा | नेपाली काँग्रेस |
| ५८. | मा. हरिप्रसाद पाण्डेय | ने.क.पा. (एमाले) |
| ५९. | मा. हरिप्रसाद पौड्याल | मनोनित |
| ६०. | मा. हेमबहादुर कार्की | मनोनित |

*स्रोत: राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

## (ख) वि.सं. २०५० का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क्र.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| १. | **मा. श्री बेनीबहादुर कार्की, अध्यक्ष** | नेपाली काँग्रेस |
| २. | **मा. श्री दिलीपकुमार शाही, उपाध्यक्ष** | नेपाली काँग्रेस |
| ३. | मा. कपिलेश्वरलाल कायस्थ | नेपाली काँग्रेस |
| ४. | मा. जगतबहादुर बोगटी | स्वतन्त्र |
| ५. | मा. जगदिश शमशेर ज.व.रा. | नेपाली काँग्रेस |
| ६. | मा. जुद्धबहादुर न्यौपाने | नेपाली काँग्रेस |
| ७. | मा. दलसिंह थापा | नेपाली काँग्रेस |

| क्र.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| ८. | मा. दुर्गाकुमारी भट्टराई | नेपाली काँग्रेस |
| ९. | मा. भीमप्रसाद श्रेष्ठ | नेपाली काँग्रेस |
| १०. | मा. मनबहादुर विश्वकर्मा | मनोनित |
| ११. | मा. महादेवप्रसाद यादव | नेपाली काँग्रेस |
| १२. | मा. माधवकुमार नेपाल | ने.क.पा. (एमाले) |
| १३. | मा. मोहनचन्द्र अधिकारी | ने.क.पा. (एमाले) |
| १४. | मा. यज्ञप्रसाद आचार्य | नेपाली काँग्रेस |
| १५. | मा. रमेशनाथ पाण्डे | मनोनित |
| १६. | मा. रविन्द्र चक्रवर्ती | मनोनित |
| १७. | मा. रोहिणीदेव भट्ट | नेपाली काँग्रेस |
| १८. | मा. डा.शंकरप्रसाद उप्रेती | नेपाली काँग्रेस |
| १९. | मा. सिद्धिनाथ ज्ञवाली | ने.क.पा. (एमाले) |
| २०. | मा. सुनीलकुमार भण्डारी | नेपाली काँग्रेस |
| २१. | मा. हीरादत्त भट्ट | नेपाली काँग्रेस |

*स्रोत: राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

### (ग) वि.सं. २०५२ का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क्र.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| १. | **मा. बेनीबहादुर कार्की, अध्यक्ष** | नेपाली काँग्रेस |
| २. | **मा. दिलीपकुमार शाही, उपाध्यक्ष** | नेपाली काँग्रेस |
| ३. | मा. ओमकारप्रसाद श्रेष्ठ | नेपाली काँग्रेस |
| ४. | मा. कँइया चौधरी | मनोनित |
| ५. | मा. कृष्णलाल थकाली | मनोनित |
| ६. | मा. केशरबहादुर विष्ट | नेपाली काँग्रेस |
| ७. | मा. केशवलाल श्रेष्ठ | ने.क.पा. (एमाले) |
| ८. | मा. चिरञ्जिवीप्रसाद रिजाल | नेपाली काँग्रेस |
| ९. | मा. जीवनप्रेम श्रेष्ठ | नेपाली काँग्रेस |
| १०. | मा. प्रकाशमान सिंह | नेपाली काँग्रेस |
| ११. | मा. बासुदेव भट्ट | नेपाली काँग्रेस |
| १२. | मा. भीमबहादुर श्रेष्ठ | नेपाली काँग्रेस |
| १३. | मा. महेन्द्रकुमार मिश्र | नेपाली काँग्रेस |
| १४. | मा. रत्नबहादुर विश्वकर्मा | नेपाली काँग्रेस |
| १५. | मा. रविन्द्रनाथ शर्मा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १६. | मा. राजेश्वर देवकोटा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १७. | मा. लघुधन राई | मनोनित |
| १८. | मा. शान्ता मानवी | ने.क.पा. (एमाले) |
| १९. | मा. शारदा पोखरेल | मनोनित |
| २०. | मा. शिलुप्यारी मुल्मी (कर्माचार्य) | नेपाली काँग्रेस |

| क.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| २१. | मा. सीतानन्दन राय | ने.क.पा. (एमाले) |
| २२. | मा. सुवासचन्द्र नेम्वाङ्ग | ने.क.पा. (एमाले) |

*स्रोतः राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

## (घ) वि.सं. २०५४ का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क.सं. | नाम थर | राजनीतिक दल |
|---|---|---|
| १. | **मा. बेनीबहादुर कार्की, अध्यक्ष** | नेपाली काँग्रेस |
| २. | **मा. चिरञ्जीवीप्रसाद रिजाल, उपाध्यक्ष** | नेपाली काँग्रेस |
| ३. | मा. अइन्द्रविक्रम थाम्सुहाङ | मनोनित |
| ४. | मा. अरविन्द कुमार ठाकुर | नेपाली काँग्रेस |
| ५. | मा. अशोकनाथ तिवारी | मनोनित |
| ६. | मा. इश्वर पोखरेल | ने.क.पा. (एमाले) |
| ७. | मा. कोमलबहादुर घले | नेपाली काँग्रेस |
| ८. | मा. गंगादत्त जोशी | नेपाली काँग्रेस |
| ९. | मा. गोमा देवकोटा | ने.क.पा. (एमाले) |
| १०. | मा. चन्दा शाह | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ११. | मा. जगन्नाथ पौडेल | नेपाली काँग्रेस |
| १२. | मा. जनार्दन आचार्य | मनोनित |
| १३. | मा. देवराज घिमिरे | ने.क.पा. (एमाले) |
| १४. | मा. देवेन्द्र घिमिरे | ने.क.पा. (एमाले) |
| १५. | मा. प्रदीप नेपाल | ने.क.पा. (एमाले) |
| १६. | मा. डा.मोहम्मद मोहसिन | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १७. | मा. युवराज ज्ञवाली | ने.क.पा. (एमाले) |
| १८. | मा. रविन्द्र श्रेष्ठ | नेपाली काँग्रेस |
| १९. | मा. राममान श्रेष्ठ | ने.क.पा. (एमाले) |
| २०. | मा. शुक्रराज संयोग | नेपाली काँग्रेस |
| २१. | मा. सुरेन्द्रप्रसाद पाण्डे | ने.क.पा. (एमाले) |

*स्रोतः राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

## (ङ) वि. सं. २०५६ का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क.सं. | नाम थर | राजनीतिक दल | कैफियत |
|---|---|---|---|
| १. | **मा. डा. मोहम्मद मोहसिन, अध्यक्ष** | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| २. | **मा. चिरञ्जीवीप्रसाद रिजाल, उपाध्यक्ष** | नेपाली काँग्रेस | |
| ३. | मा. अमिय कुमार यादव | नेपाली कांग्रेस | |
| ४. | मा. अम्बिका पन्त (चापागाई) | नेपाली कांग्रेस | |

| क्र.सं. | नाम थर | राजनीतिक दल | कैफियत |
|---|---|---|---|
| ५. | मा. उत्तमकुमार महत क्षेत्री | ने.क.पा. (एमाले) | |
| ६. | मा. ऋषिबाबु परियार | मनोनित | |
| ७. | मा. काशिनाथ अधिकारी | ने.क.पा. (एमाले) | |
| ८. | मा. केदारप्रसाद न्यौपाने | ने.क.पा. (एमाले) | |
| ९. | मा. गजेन्द्रनारायण सिंह | नेपाल सद्भावना पार्टी | |
| १०. | मा. गौरा कोइराला | ने.क.पा (एमाले) | मा.इश्वर पोखरेल र मा.प्रदिप नेपाल २०५६मा प्रतिनिधिसभामा निर्वाचित भई रिक्त भएका स्थानमा निर्वाचित |
| ११. | मा. जीतबहादुर पुरी | नेपाली कांग्रेस | |
| १२. | मा. तिलकप्रसाद न्यौपाने | नेपाली कांग्रेस | |
| १३. | मा. थममाया थापा | ने.क.पा. (एमाले) | मा.सुवासचन्द्र नेम्वाङ २०५६ मा प्रतिनिधि सभामा निर्वाचित भइ रिक्त भएको स्थानमा निर्वाचित |
| १४. | मा. दिलबहादुर घर्ती | नेपाली कांग्रेस | |
| १५. | मा. बालाराम घर्तीमगर | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १६. | मा. मोहन बहादुर वम | ने.क.पा. (एमाले) | |
| १७. | मा. मोहनराज शर्मा चापागाई | मनोनित | |
| १८. | मा. योगप्रसाद उपाध्याय | नेपाली काँग्रेस | मा.केशरबहादुर विष्टले २०५५ फागुन २८ मा राजिनामा दिई रिक्त भएको स्थानमा निर्वाचित |
| १९. | मा. रमेशनाथ पाण्डे | मनोनित | |
| २०. | मा. रामचन्द्र भट्टराई | ने.क.पा. (एमाले) | |
| २१. | मा. लालबहादुर विश्वकर्मा | ने.क.पा. (एमाले) | |
| २२. | मा. वाचस्पति देवकोटा | ने.क.पा. (एमाले) | |
| २३. | मा. वासुदेव रिसाल | नेपाली कांग्रेस | |
| २४. | मा. विजुलकुमार विश्वकर्मा | नेपाली काँग्रेस | मा.इश्वर पोखरेल र मा.प्रदिप नेपाल २०५६मा प्रतिनिधिसभामा निर्वाचित भई रिक्त भएका स्थानमा निर्वाचित |
| २५. | मा. विश्वेश्वरा दाहाल | ने.क.पा. (एमाले) | |
| २६. | मा. वीरबहादुर सिंह | ने.क.पा. (एमाले) | |
| २७. | मा. शुक्रराज शर्मा | नेपाली कांग्रेस | |

*स्रोतः राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

(च) वि.सं. २०५८ का अध्यक्ष तथा उपाध्यक्ष र सो अवधिमा निर्वाचित/मनोनीत सदस्य

| क्र.सं. | नाम थर | राजनीतिक दल | कैफियत |
|---|---|---|---|
| १. | **मा. डा. मोहम्मद मोहसिन, अध्यक्ष** | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| २. | **मा. रामप्रित पासमान, उपाध्यक्ष** | ने.क.पा. (एमाले) | |
| ३. | मा. अक्कलबहादुर विष्ट | नेपाली काँग्रेस | |
| ४. | मा. अशोक कोइराला | नेपाली काँग्रेस | |
| ५. | मा. उर्वादत्त पन्त | ने.क.पा. (एमाले) | |
| ६. | मा. खगेन्द्रराज रेग्मी | | मा.गजेन्द्रनारायण सिंहको मिति २०५८/१०/१० मा मृत्यु भै रिक्त पदमा बाँकी पदावधिको लागि निर्विरोध निर्वाचित |
| ७. | मा. देव नारायण चौधरी | मनोनित | |
| ८. | मा. दिपकबहादुर गुरुङ्ग | नेपाली काँग्रेस | |
| ९. | मा. दिप्तप्रकाश शाह | मनोनित | |
| १०. | मा. बलबहादुर राई | नेपाली काँग्रेस | |
| ११. | मा. महेशमणि आचार्य दीक्षित | ने.क.पा. (एमाले) | |
| १२. | मा. सुश्री मैयाँदेवी श्रेष्ठ | नेपाली काँग्रेस | |
| १३. | मा. याङकीला शेर्पा | मनोनित | |
| १४. | मा. रङ्गनाथ जोशी | ने.क.पा. (एमाले) | |
| १५. | मा. राधेश्याम अधिकारी | नेपाली काँग्रेस | |
| १६. | मा. रामजीवन सिंह | नेपाली काँग्रेस | |
| १७. | मा. डा. रुपज्योती | मनोनित | |
| १८. | मा. लक्ष्मीदास मानन्धर | ने.क.पा. (एमाले) | |
| १९. | मा. ललितकुमार बस्नेत | ने.क.पा. (एमाले) | |
| २०. | मा. लोकबहादुर थापा | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| २१. | मा. वेदुराम भुसाल | ने.क.पा. (एमाले) | |
| २२. | मा. श्रीमाया थकाली | ने.क.पा. (एमाले) | |

*स्रोत: राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय*

## ५. राष्ट्रिय सभा २०७४

### ५.१ संवैधानिक व्यवस्था

संविधानसभाबाट वि.सं. २०७२ असोज ३ मा नेपालको संविधान जारी भएपछि नेपाल पुनः द्विसदनात्मक संसदको अभ्यासमा प्रवेश गरेको छ । संविधानको धारा ८६ बमोजिम स्थायी सदनको रुपमा राष्ट्रिय सभा रहेको छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा ३ महिला, १ दलित र १ अपांगता भएका व्यक्ति वा अल्पसङ्ख्यकको प्रतिनिधित्व हुने गरी ८/८ जनाको दरले निर्वाचक मण्डलबाट एकल सङ्क्रमणीय प्रणालीबाट निर्वाचित ५६ र मन्त्रीपरिषद्बाट मनोनित ३ गरी

जम्मा ५९ सदस्य रहने व्यवस्था रहेको छ। प्रत्येक प्रदेशबाट ८/८ जनाको दरले निर्वाचित हुने सदस्यको निर्वाचनको लागि कायम हुने निर्वाचक मण्डलमा सो प्रदेशभित्रका प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहने व्यवस्था छ । राष्ट्रिय सभाका सदस्यहरुको पदावधि ६ वर्षको हुने र प्रत्येक २/२ वर्षमा एक तिहाई पद रिक्त हुन्छ । संविधान जारी भएपछिको पहिलो पटक गठन भएको राष्ट्रिय सभाका सदस्यको हकमा गोलाप्रथाबाट २ वर्ष, ४ वर्ष र ६ वर्ष पदावधि निर्धारित हुने व्यवस्था छ। राष्ट्रिय सभामा सदस्यहरुमध्येबाट अध्यक्ष र उपाध्यक्ष निर्वाचित हुने र अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुनुपर्ने व्यवस्था रहेको छ।

## ५.२ नेपालको संविधान अनुसार राष्ट्रिय सभाको विधायिकी कर्तव्य र अधिकार :

**(क) विशेषाधिकारः**

संविधानको धारा १०३ बमोजिम देहाय बमोजिमको विशेषाधिकार राष्ट्रिय सभामा निहित रहेको छ।

- राष्ट्रिय सभामा पूर्ण वाक् स्वतन्त्रता रहने र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गरिने, थुनामा राखिने वा निज उपर कुनै अदालतमा कारबाही चलाउन नपाइने ।
- राष्ट्रिय सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहने र कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार राष्ट्रिय सभा स्वयम्लाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने ।
- राष्ट्रिय सभाको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शंका उठाई कुनै टीका–टिप्पणी गर्न नपाईने र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी–जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न नपाइने ।
- राष्ट्रिय सभाले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही चल्न नसक्ने ।
- सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ नगरिने तर फौजदारी अभियोगमा भने यो लागु नहुने र पक्राउ गर्दा अध्यक्षलाई जानकारी गराउनु पर्ने ।
- विशेषाधिकार हनन भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार राष्ट्रिय सभा स्वयम्लाई हुने ।
- कसैले सभाको अवहेलना गरेमा अध्यक्षले सभाको निर्णयबाट सो व्यक्तिलाई सचेत गराउन, नसीहत दिन वा तीन महीनामा नबढ्ने गरी कैद गर्न वा दश

हजार रुपैयासम्म जरिबाना गर्न सक्ने र त्यस्तो जरिबाना सरकारी बाँकी सरह असुल उपर गरिने ।

- अवहेलना गर्ने व्यक्तिले सन्तोष हुने गरी क्षमा याचना गरेमा सभाले क्षमा प्रदान गर्न वा तोकिसकेको सजायलाई माफी गर्न वा घटाउन सक्ने ।

**(ख) विधेयक सम्बन्धमा :**

विधेयक सम्बन्धमा राष्ट्रिय सभामा निहित कर्तब्य तथा अधिकार देहाय अनुसार रहेका छन्:

- अर्थ विधेयक बाहेक कुनै पनि विधेयक राष्ट्रिय सभामा प्रस्तुत गर्न सकिने ।
- राष्ट्रिय सभाले पारीत गरेका विधेयक यथाशीघ्र प्रतिनिधि सभामा पठाइने, प्रतिनिधि सभाबाट पारीत भएका विधेयक राष्ट्रिय सभामा आउने र पारित भए पश्चात् सोको प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिने ।
- प्रतिनिधि सभाले पारित गरि राष्ट्रिय सभामा पठाइएका अर्थ विधेयकलाई सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझाव सहित प्रतिनिधि सभामा फिर्ता पठाउनु पर्ने । अन्य विधेयकको हकमा राष्ट्रिय सभाले आवश्यक संशोधन र परिमार्जन सहित प्रतिनिधिसभामा पठाउन सक्ने ।
- अर्थ विधेयक बाहेकका अन्य विधेयक राष्ट्रिय सभाले दुई महीनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्ने ।

**(ग) आर्थिक मामला सम्बन्धमा :**

संविधानको धारा ११९ बमोजिम नेपाल सरकारको अर्थमन्त्रीबाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा वार्षिक अनुमान पेश गर्ने व्यवस्था रहेको छ ।

**(घ) संविधानको संशोधन सम्बन्धमा :**

संविधानको धारा २७४ बमोजिम संविधान संशोधन सम्बन्धमा देहाय अनुसार कर्तव्य तथा अधिकार रहेका छन् :

- नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकुल हुने बाहेक संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक राष्ट्रिय सभामा पेश गर्न सकिने,
- यसरी पेश भएको विधेयक सभामा प्रस्तुत भएको मितिले तीस दिनभित्र सर्वसाधारण जनताको जानकारीका लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने

- पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची ६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक सभामा प्रस्तुत भएको तीस दिनभित्र अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्ने,
- तर तोकीएको अवधिभित्र प्रदेश सभाले विधेयक स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा राष्ट्रिय सभाले त्यस्तो विधेयक उपरको कारबाही अगाडि बढाउन बाधा नपर्ने र
- प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नु पर्ने ।

**(ङ ) सरकारलाई उत्तरदायी बनाउने सम्बन्धमा :**

- संविधानको धारा ६२ बमोजिम राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने र संविधानको धारा ६९ बमोजिम समेत उपराष्ट्रपतिको निर्वाचन राष्ट्रपति सरह हुने व्यवस्था रहेकोले राष्ट्रपतिको निर्वाचनमा राष्ट्रिय सभाका सदस्यहरुको मत निर्णायक हुने ।
- संविधानको धारा ११४ बमोजिम राष्ट्रपतिले जारी गरेको अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिने र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने ।
- संविधानको धारा १५९ बमोजिम महान्याधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत् त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने ।
- संविधानको धारा २७३ बमोजिम :

→ राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालीन अवस्थाको बारेमा भएको घोषणा वा आदेशलाई घोषणा वा आदेश भएको मितिले एक महीनाभित्र अनुमोदनका लागि संघीय संसदका दुवै सदनमा पेश गरिने,

→ अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले अनुमोदन गरेमा त्यस्तो घोषणा वा अदेश भएको मितिले तीन महीनासम्म कायम रहने,

→ अनुमोदनका लागि पेश भएको घोषणा वा आदेश अनुमोदन नभएमा स्वतः निष्क्रिय हुने,

→ संकटकालीन अवस्था अझै विद्यमान छ भनी संकटकालीन अवस्थाको अवधी समाप्त नहुँदै अर्को एक पटक तीन महीनामा नबढाई संकटकालीन

घोषणा वा आदेशको अवधि थप गर्ने प्रस्ताव संघीय संसदमा पेश गर्न सकिने,

→ सो प्रस्ताव संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले पारित भएमा त्यस्तो प्रस्तावमा उल्लिखित अवधि सम्मका लागि संकटकालीन अवस्थाको घोषणा वा आदेश कायम रहने र

→ प्रतिनिधि सभा विघटन भएको अवस्थामा संघीय संसदले प्रयोग गर्ने अधिकार राष्ट्रिय सभाले प्रयोग गर्ने ।

- संविधानको धारा २९२ बमोजिम संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदुतको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाई हुने र
- संविधानको धारा २९४ बमोजिम संवैधानिक निकायले आफुले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने ।

**(छ) महाअभियोग सम्बन्धमा :**

संविधानको धारा १०१(१) बमोजिम प्रतिनिधि सभामा राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध पेश भएको महाअभियोगको प्रस्ताव पारित हुनको लागि संसदको दुवै सदनको तत्काल कायम रहेका सम्पुर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित हुनु पर्ने व्यवस्था रहेको छ ।

## ५.३ दुई सदन बीचको समानता

राष्ट्रिय सभा र प्रतिनिधि सभा बीच तपशिल बमोजिमका समानता रहेको पाइन्छ :

- दुवै सदनका सदस्यहरु मन्त्री बन्न सक्ने,
- दुवै सदनको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको एक चौथाइ हुने,
- दुवै सदनमा छुट्टाछुट्टै वा संयुक्त रुपमा राष्ट्रपतिले सम्बोधन गर्न सक्ने,
- दुवै सदनले आफ्नो कार्य सञ्चालनको लागि आफै नियमावली बनाउने,
- दुवै सदनलाई संविधानको धारा १०३ बमोजिमको विशेषाधिकार रहने,
- दुवै सदनले समितिहरु गठन गर्न सक्ने,
- राष्ट्रपतिद्वारा जारी अध्यादेशको निरन्तरताको लागि दुवै सदनले स्वीकार गर्नुपर्ने,
- अर्थ विधेयक बाहेका विधेयकहरु कुनै पनि सदनमा प्रस्तुत गर्न सकिने,
- दुवै सदनका सदस्यहरु राष्ट्रपति निर्वाचन गर्ने निर्वाचक मण्डलका सदस्य हुने,
- राष्ट्रपति वा उपराष्ट्रपति विरुद्धको महाभियोग दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित हुने,

- पन्ध्र सदस्यीय संसदीय सुनुवाई सम्बन्धी गठित संयुक्त समितिमा दुवै सदनका सदस्यहरु रहने,
- संवैधानिक निकायको वार्षिक प्रतिवेदन दुवै सदनमा पेश हुने,
- संकटकालीन अवस्थाको घोषणा वा आदेश अनुमोदनका लागि दुवै सदनमा पेश हुने ।

## ५.४ राष्ट्रिय सभा निर्वाचन, २०७४

स्थानीय तह, प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भइसकेपछि वि.सं. २०७४ माघ २४ गते राष्ट्रिय सभाको निर्वाचन भएको थियो । प्रत्येक प्रदेशबाट प्रदेशसभाका सदस्यको मतभार ४८ र नगरपालिका तथा गाउँपालिकाका प्रमुख र उपप्रमुखको मतभार १८ रहेको निर्वाचक मण्डलले राष्ट्रिय सभाको सदस्यको निर्वाचन गरेको थियो । उक्त निर्वाचनबाट निर्वाचित हुनु हुने सदस्यहरुको विवरण देहाय बमोजिम रहेको छ -

| क्र.सं. | नाम थर | लिंग | राजनीतिक दल | प्रदेश नं | समावेशी समुह | पदावधि (वर्ष)[1] |
|---|---|---|---|---|---|---|
| १. | मा. अगम प्रसाद वान्तवा राई | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | ४ |
| २. | मा. अनिता देवकोटा | महिला | नेपाली कांग्रेस | ५ | महिला | ६ |
| ३. | मा. इन्दु कडरीया | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | महिला | ६ |
| ४. | मा. उदया शर्मा/पौडेल | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | महिला | ४ |
| ५. | मा. कमला कुमारी ओली | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | महिला | २ |
| ६. | मा. कविता बोगटी | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | महिला | ४ |
| ७. | मा. काली बहादुर मल्ल | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | अन्य | २ |
| ८. | मा. कोमल वली | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | महिला | ४ |
| ९. | मा. खिम कुमार वि.क. | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ४ | दलित | ४ |
| १०. | मा. खिम लाल भट्टराई | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | अन्य | ६ |
| ११. | मा. खेमराज नेपाली | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | दलित | २ |
| १२. | मा. गणेश प्रसाद तिमिल्सिना | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ४ | अन्य | ६ |

[1] मिति २०७५ असार ४ गते भएको गोलाप्रथाद्वारा कायम पदावधि ।

| क्र.सं. | नाम थर | लिंग | राजनीतिक दल | प्रदेश नं | समावेशी समुह | पदावधि (वर्ष)[1] |
|---|---|---|---|---|---|---|
| १३. | मा. चक्र प्रसाद स्नेही | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | दलित | ४ |
| १४. | मा. चन्द्र बहादुर खड्का | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | अन्य | ४ |
| १५. | मा. जितेन्द्र नारायण देव | पुरुष | नेपाली काँग्रेस | २ | अन्य | ६ |
| १६. | मा. जीवन बुढा | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | ४ |
| १७. | मा. ठगेन्द्र प्रकाश पुरी | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | अन्य | ४ |
| १८. | मा. तारा देवी भट्ट | महिला | नेपाली काँग्रेस | ७ | महिला | ४ |
| १९. | मा. दिनानाथ शर्मा | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ४ | अन्य | ४ |
| २०. | मा. दिपा गुरुङ | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ४ | महिला | ६ |
| २१. | मा. दिल कुमारी रावल थापा (पार्वती) | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | महिला | ६ |
| २२. | मा. दुर्गा प्रसाद उपाध्याय | पुरुष | नेपाली काँग्रेस | ५ | अन्य | २ |
| २३. | मा. धन कुमारी खतिवडा | महिला | नेपाली काँग्रेस | ३ | महिला | २ |
| २४. | मा. नन्दा चपाई | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | महिला | ६ |
| २५. | मा. नरपति लुवार | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | दलित | ६ |
| २६. | मा. नैनकला ओझा | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | महिला | ४ |
| २७. | मा. परशु राम मेघी गुरुङ | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | अन्य | ४ |
| २८. | मा. प्रकाश पन्थ | पुरुष | नेपाली काँग्रेस | ४ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | ६ |
| २९. | मा. प्रमिला कुमारी | महिला | सं.स.फो नेपाल | २ | महिला | ६ |
| ३०. | मा. बद्री प्रसाद पाण्डे | पुरुष | नेपाली काँग्रेस | ७ | अन्य | २ |
| ३१. | मा. बलराम प्रसाद बाँस्कोटा | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | अन्य | २ |
| ३२. | मा. भैरव सुन्दर श्रेष्ठ | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | अन्य | ६ |
| ३३. | मा. महेश कुमार महरा | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | ६ |

| क्र.सं. | नाम थर | लिंग | राजनीतिक दल | प्रदेश नं | समावेशी समुह | पदावधि (वर्ष)[1] |
|---|---|---|---|---|---|---|
| ३४. | मा. मिना बुढा | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | महिला | २ |
| ३५. | मा. मुक्ता कुमारी यादव | महिला | नेपाली काँग्रेस | २ | महिला | २ |
| ३६. | मा. यूटोल तामाङ | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ६ | महिला | २ |
| ३७. | मा. रमेश जंग रायमाझी | पुरुष | नेपाली काँग्रेस | १ | अन्य | ६ |
| ३८. | मा. रमेश प्रसाद यादव | पुरुष | रा.ज.पा नेपाल | २ | अन्य | २ |
| ३९. | मा. राज कुमार कुवर | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | २ |
| ४०. | मा. राधेश्याम अधिकारी | पुरुष | नेपाली काँग्रेस | ३ | अन्य | ४ |
| ४१. | मा. रामचन्द्र राई | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | ६ |
| ४२. | मा. रामपृत पासवान | पुरुष | सं.स.फो. नेपाल | २ | दलित | २ |
| ४३. | मा. राम बहादुर थापा मगर | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | अन्य | ६ |
| ४४. | मा. राम लखन चमार | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ५ | दलित | ४ |
| ४५. | मा. विन्दादेवी आले (राना) | महिला | नेपाली काँग्रेस | ४ | महिला | २ |
| ४६. | मा. विना पोखरेल | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | महिला | ६ |
| ४७. | मा. वृषेश चन्द्र लाल | पुरुष | रा.ज.पा नेपाल | २ | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदाय | २ |
| ४८. | मा. शशिकला दाहाल | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | २ | महिला | ४ |
| ४९. | मा. शान्तीकुमारी अधिकारी जि.सी. | महिला | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ४ | महिला | ४ |
| ५०. | मा. शेर बहादुर कुँवर | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | अन्य | ४ |
| ५१. | मा. सरिता प्रसाई | महिला | नेपाली काँग्रेस | १ | महिला | २ |
| ५२. | मा. सिंग बहादुर विश्वकर्मा | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ३ | दलित | ६ |
| ५३. | मा. सुमन राज प्याकुरेल | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | २ | अन्य | ४ |
| ५४. | मा. सुरेन्द्र राज पाण्डे | पुरुष | नेपाली काँग्रेस | ४ | अन्य | २ |

| क्र.सं. | नाम थर | लिंग | राजनीतिक दल | प्रदेश नं | समावेशी समुह | पदावधि (वर्ष)[1] |
|---|---|---|---|---|---|---|
| ५५. | मा. हरि राम चौधरी | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | ७ | अन्य | ६ |
| ५६. | मा. हरिचरण शिवाकोटी | पुरुष | नेपाल कम्युनिष्ट पार्टी (ने क पा) | १ | अन्य | २ |

*स्रोत: राष्ट्रिय सभामा निर्वाचित सदस्यहरुको विवरण, निर्वाचन आयोग, वि.सं.२०७४, कार्यव्यवस्था परामर्श शाखा, राष्ट्रिय सभा, संघीय संसद सचिवालय*

त्यस्तै, २०७४ फागुन ८ गते मन्त्रिपरिषद्बाट राष्ट्रिय सभा सदस्यमा सिफारिस भएका तीन सदस्यलाई राष्ट्रपतिबाट सोही दिन मनोनयन गर्ने भएपछि राष्ट्रिय सभाले पूर्णता पाएको थियो । मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनित सदस्यहरु देहाय बमोजिम हुनुहुन्छ :

| क्र.सं. | नाम, थर | पदावधि (बर्ष)[२] |
|---|---|---|
| १. | मा. डा. युवराज खतिवडा | २ |
| २. | मा. डा. विमला राई पौड्याल | ६ |
| ३. | मा. श्री रामनारायण विडारी | ४ |

### ५.५ शपथ ग्रहण तथा पहिलो अधिवेशन :

राष्ट्रिय सभाका ज्येष्ठ सदस्य मा. तारा देवी भट्टले वि.सं. २०७४ फागुन २० गते सम्माननीय राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । त्यस पश्चात् सोही दिन अन्य ५४ जना सदस्यले ज्येष्ठ सदस्य समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । ३ जना मनोनित सदस्यलाई तत्काल शपथ ग्रहण नगराउन फागुन १३ को सर्वोच्च अदालतको अन्तरिम आदेश अनुसार सो दिन मनोनित सदस्यहरुबाट शपथ ग्रहण हुन सकेन । फागुन २३ गते सर्वोच्च अदालतले अन्तिम फैसला गर्दै शपथ ग्रहण गराउन आदेश जारी गरेपछि फागुन २५ गते मनोनित सदस्यहरुले ज्येष्ठ सदस्य समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । शपथ ग्रहण समारोहमा अनुपस्थित हुनुभएका सदस्य रमेश प्रसाद यादवले चैत्र ४ गते सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।

फागुन २१ गते राष्ट्रिय सभाको पहिलो बैठक ज्येष्ठ सदस्य मा. तारादेवी भट्टको अध्यक्षतामा बसी सोही बैठकबाट राष्ट्रिय सभाको अन्तरिम कार्यविधि, २०७४ पारित गऱ्यो । राष्ट्रिय सभाको २०७४ फागुन ३० गतेको बैठकबाट अध्यक्ष पदमा मा. श्री गणेश प्रसाद तिमिल्सिनालाई निर्विरोध निर्वाचित गऱ्यो । त्यस्तै २०७४ चैत्र ४ गतेको बैठकबाट ४५ मत सहित मा. श्री शशिकला दाहाल उपाध्यक्ष पदमा निर्वाचित हुनुभयो ।

[२] मिति २०७५ असार ४ गते भएको गोला प्रथाद्धारा कायम पदावधी ।

<u>**सन्दर्भ सामग्री**</u> **:**


१. नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, नेपाल सरकार ।
२. कार्य व्यवस्था शाखा, राष्ट्रिय सभा, संघीय संसद सचिवालय ।
३. राष्ट्रिय सभामा निर्वाचित सदस्यहरुको विवरण, २०७४, निर्वाचन आयोग, काठमाडौं, नेपाल ।
४. राष्ट्रिय सभा (२०४८-२०५९), संसद सचिवालय, राष्ट्रिय सभा कार्यव्यवस्था महाशाखा, काठमाडौं, नेपाल ।
५. नेपाल अधिराज्यको संविधान, २०४७, कानुन किताब व्यवस्था समिति, श्री ५ को सरकार ।
६. नेपाल अधिराज्यको संविधान, २०१५, कानुन तथा संसदीय प्रवन्ध मन्त्रालय, श्री ५ को सरकार ।
७. नेपाल सरकार वैधानिक कानुन, २००४ ।